# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।०९।०६ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला सप्तरी, बलानबिहुल गाउँपालिकाको मिति २०७८/१२/२९ को आशयपत्रको सूचना बमोजिमको ठेक्का नं BBRM/NCB/NCW-16-78/79 Construction works for Namuna School Building Works कार्यमा श्री ओम गणेशाय कन्स्ट्रक्सन प्रा. लि., डाक्नेश्वरी- ०९, सप्तरीले नक्कली सर्टिफिकेट पेस गरी गाउँपालिकाका कर्मचारीहरु समेतको मिलेमतोमा गलत बोलपत्र मूल्याङ्कन गरी राज्यलाई हानि नोक्सानी गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला सप्तरी बलानबिहुल गाउँपालिकाको वडा नं. ६, सेहरा स्थित जागेश्वर गरहाई जनता मा.वि.को नमूना विद्यालय भवन निर्माण कार्यका लागि रु.९,०८,८४,५५७।४५ लागत अनुमानमा बलानबिहुल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयबाट मिति २०७८/१०/२८ गते दुई खाम बिधिबाट ई-बिडिङ मार्फत Construction Work for Namuna School Building, Contract No.: BBRM/NCB/NCW/16/2078/079 को बोलपत्र आह्वान भएबमोजिम एकमात्र बोलपत्रदाता ओम गणेशाय कन्स्ट्रक्सन प्रा.लि., डाक्नेश्वरी-९, सप्तरीले उक्त खरिद कार्यमा सहभागी भएको बोलपत्र खोलेको मुचुल्काबाट देखिएको, मूल्यांकन समितिको मिति २०७८।१२।११ गते बोलपत्रदाता ओम गणेशाय कन्स्ट्रक्सन प्रा.लि., डाक्नेश्वरी-९, सप्तरीले सबै प्राविधिक मागहरु पूरा गरेकोले निजलाई आर्थिक प्रस्ताव खोल्ने कार्यमा सहभागी गराउने निर्णयको आधारमा मिति २०७९/०१/०८ मा बलानबिहुल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय र बोलपत्रदाता ओम गणेशाय कन्स्ट्रक्सन प्रा.लि., डाक्नेश्वरी-९, सप्तरी बीच कबोल रकम रु.८,९८,२१,४९६।३३ मा सम्झौता भई सोही मितिमा उक्त ठेक्काको निर्माण कार्यको कार्यादेश दिएको देखिएको, Standard Bid Document (SBD) को प्रतिकूल हुने गरी कूल लागत अनुमानको १०% भन्दा कम मूल्य भएका निर्माण सम्बन्धी कार्यहरू तथा BOQ मा समावेश नै नभएका Item हरू राखी Construction Experience on Key Activities तयार गरी ठेक्का प्राप्त गर्ने निर्माण व्यवसायीसँगको पहिले देखिको मिलेमतोमा जानी बुझी लक्षीत व्यक्तिलाई लाभ पुग्ने गरी बोलपत्रसम्बन्धी कागजात तयार गरे गराएको, बोलपत्रसाथ पेस भएका Construction Experience on Key Activities अन्तर्गतका कार्यहरूको सम्बन्धमा पेस गरेको कार्यअनुभवका प्रमाणपत्रहरू फर्जी रहेको ज्ञात हुँदा समेत सार्बजनिक खरिद ऐन, २०६३ को दफा २५ को प्रतिकूल हुने गरी तथा बोलपत्र सम्बन्धी कागजातको Instruction to Bidder (ITB) को Clause No. 27.1 र 30.1 र 30.5 को समेत प्रतिकूल हुने गरी बोलपत्रमा पेस भएको कागजात भन्दा थप कागजात बलानबिहुल गाउँपालिकाको पत्रबाट बोलपत्रदातालाई ३ दिनभित्र माग गरी त्यसरी कानूनबमोजिम गर्न नमिल्ने कुरा जानी बुझी बदनियत राखी मिलेमतोमा उक्त कार्य भए गरे गराएको, बोलपत्रदाताले पेस गरेको कार्यअनुभवका थप कागजातमा ओम साइराम कन्स्ट्रक्सन प्रा.लि.को सबकन्ट्र्याक्टबापत कार्य गरेको भनी M20 Concrete800 $m^3$, Structural Steel 278 ton, Form Work 7600 $m^2$ Brick Work 1:4760 $m^3$ मात्र कार्य गरेको अनुभवको प्रमाणपत्र पेस गरेको, जसमा बोलपत्रमा उल्लेख गरिएको Water tank with filter in capacity of 70000 ltr. With taps 20 Nos र White Board (2.5 m * 1.5 m) 10 Nos को कार्यअनुभव रहेको नदेखिएको, प्राविधिक पक्षमा उत्तीर्ण हुन Construction Experience on Key Activities अन्तर्गत माग गरिएका सम्पूर्ण योग्यता पूरा भएको हुनु पर्दछ तर बोलपत्रसाथ पेस भएको कार्य अनुभवको प्रमाणपत्रलाई मान्यता नदिएको अवस्थामा थप प्राप्त कागजातमा Water tank with filter in capacity of 70000 ltr. With taps 20 Nos र White Board (2.5 m * 1.5 m) 10 Nos को कार्यअनुभव नहुँदा समेत सबै प्राविधिक योग्यता पूरा गरेको भनी बोलपत्र मूल्याङ्कन समितिले निर्णय गरेको आधारमा आर्थिक प्रस्तावको मूल्याङ्कनमा समावेश गराई बोलपत्र स्वीकृत गरेको, साबर्जनिक खरिद नियमावली, २०६४ को नियम १४७ मा बोलपत्र मूल्याङ्कन समितिको संयोजकमा कार्यालय प्रमुख वा निजले तोकेको बरिष्ठतम अधिकृत (सम्भव भएसम्म प्राविधिक) रहने व्यवस्था भए तापनि गाउँपालिका अध्यक्ष स्वयंको

निर्देशन, नियन्त्रण र निजकै संयोजकत्वमा बदनियत राखी मिलेमतोमा बोलपत्रको मूल्याङ्कन समिति गठन गर्ने गराउने र मूल्याङ्कन गरे गराएको देखिएको, ओम गणेशाय कन्स्ट्रक्सन अयोग्य एवं प्रभावग्राही नरहेको प्रष्टै जानी बुझी कानून विपरीत जसरी पनि ठेक्का दिने दिलाउनको लागि सम्पूर्ण प्राविधिक योग्यता पूरा गरेको भनी प्राविधिक मूल्याङ्कनमा सफल भएको निर्णय गरी/गराई मूल्याङ्कन गरेको, यसरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ को उपनियम (४ङ) बमोजिम मूल्याङ्कन प्रक्रियामा समावेश नगरी कालोसूचीमा राख्न लेखी पठाई थप कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउनुपर्ने अवस्थाको बोलपत्रलाई प्रचलित कानूनको बर्खिलाप हुने गरी फर्जी कार्यअनुभवको कागजात रहेको ज्ञात हुँदाहुँदै बोलपत्रसाथ संलग्न कार्य अनुभवका कागजातका अलावा मूल्याङ्कनका क्रममा थप कागजात माग गरी सारभूतरूपमा मूल्याङ्कनलाई प्रभाव पर्ने गरी बोलपत्रदाता ओम गणेशाय कन्स्ट्रक्सन प्रा.लि.लाई सफल भएको निर्णय गरी सोको आधारमा सम्झौता गरी कार्यदिश जारी भई हालसम्म रू.३,९१,१७,४८२।—(तीन करोड एकानब्बे लाख सत्र हजार चार सय बयासी रूपैयाँ) भुक्तानी समेत भएको देखिँदा सो कार्यमा संलग्न पदाधिकारी, कर्मचारीहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिमको कसूर अपराध गरेको देखिएकोले उल्लिखित कसूरमा संलग्न देहाय बमोजिमका प्रतिवादीहरुउपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

<u>देहाय</u>

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | बलानबिहुल गाउँपालिकाका तत्कालीन अध्यक्ष **दयानन्द गोइत** | रू.८,९८,२१,४९६।४५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसूरमा सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम ठेक्का सम्झौता रू.८,९८,२१,४९६।४५ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम उक्त कायम भएको बिगोमध्ये खर्च भएर गएको रकम रू.३,९१,१७,४८२।- असूल उपर हुन एवं प्राविधिक मूल्याङ्कनमा सफल भएको भनी उल्लेख गरेको प्राविधिक प्रतिवेदन नै गलत र कैफियतपूर्ण रहेको देखिएकोले उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूर भएको हुँदा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| २. | बलानबिहुल गाउँपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत **मो. नसिम राइन,** लेखापाल **कमलेस कुमार साह** र तत्कालीन सब-इन्जिनियर **सन्तोष कुमार रजक** | जनही रू.८,९८,२१,४९६।४५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम रू.८,९८,२१,४९६।४५ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९(संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम उक्त कायम भएको बिगोमध्ये खर्च भएर गएको |

| | | | |
|---|---|---|---|
| | | | रकम रू.३,९१,१७,४८२।- असूलउपर एवं प्राविधिक मूल्याङ्कनमा सफल भएको भनी उल्लेख गरेको प्राविधिक प्रतिवेदन नै गलत र कैफियतपूर्ण रहेको देखिएकोले उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूर भएको हुँदा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ३. | **ओम गणेशाय कन्स्ट्रक्सन प्रा.लि., डाक्नेश्वरी-९, ससरी** तथा उक्त कम्पनीका म्यानेजिङ डाईरेक्टर **राजिब कुमार साह** | रू.८,९८,२१,४९६।४५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रू.८,९८,२१,४९६।४५ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम उक्त कायम भएको बिगोमध्ये खर्च भएर गएको रकम रू.३,९१,१७,४८२।- विगो असूल उपर हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्याश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

सहायक प्रवक्ता

गणेश बहादुर अधिकारी

# नमूना विद्यालय भवन निर्माणको बोलपत्र मूल्याङ्कनमा भएको अनियमितताको घटनाक्रमको चार्ट

**बोलपत्र कागजात तयार गरी बोलपत्र**

मिति २०७८/१०/२८ गते विद्युतीय बोलपत्रमार्फत ठेक्का नं. BBRM/NCB/NCW/16/2078-079 बाट नमुना विद्यालय निर्माणका लागि अनावश्क Key Activities राखि बोलपत्र आह्वान गरिएको ।

**बोलपत्र पेश र बोलपत्र खोलिएको**

मिति २०७८/१२/०६ गते बोलपत्र खोलेको मुचुल्का

बोलपत्रसाथ पेश भएका कागजात छानविनको लागि सक्कल कागजात मगाउन सक्ने तर पेश भएको बोलपत्रमा सारभूतरूपमा प्रभाव पर्ने गरी कागजात माग/परिवर्तन गर्न नसकिने व्यवस्था सार्बजनिक खरिद ऐन, २०६३, नियमावली, २०६४ र बोलपत्र सम्बन्धी कागजातमा रहेकोमा सो व्यवस्था विपरित कार्य अनुभवका थप कागजात माग

बोलपत्रसाथ पेश भएको कागजातका आधारमा अयोग्य हुने भन्दै प्रचलित खरिद कानून बमोजिम बोलपत्रमा सारभूतरूपमा प्रभाव पार्ने थप कागजात माग गर्न नपाउने कानूनी व्यवस्था विपरित मिति २०७८/१२/०७ गते च.नं. १५८७ को पत्रबाट बोलपत्रदाता ओम गणेशाय क्नस्ट्रक्सन प्रा.लि. डाक्नेश्वरीलाई ३ दिनभित्र M20 Concrete 765m$^3$, Form Work 750m$^2$, Structural Steel 278 Ton र Brick Work (1:4) 700m$^2$/year को थप अनुभको कागजात पेश गर्न पत्राचार । बोलपत्रमा उल्लेखित White Board (2.5m*1.5m)-10Nos □ Water Tank with filter in capacity of 70000 Ltr. With taps 20 Nosको बारेमा केही उल्लेख नभएको ।

सार्बजनिक खरिद नियमावलीको नियम १४७ बमोजिम सार्बजनिक निकायको प्रमुख वा निजले तोकेको अधिकृत (सम्भव भएसम्म प्राविधिक कर्मचारी) संयोजक हुनुपर्नेमा गाउँपालिकाको अध्यक्षको संयोजकत्वमा बोलपत्रको प्राविधिक पक्षको मूल्याङ्कन गरी प्राविधिक मूल्याङ्कनमा अयोग्य हुनुपर्ने ओम गणेशाय कन्स्ट्रक्सनलाई आर्थिक प्रस्तावमा लैजाने निर्णय

सार्बजिक खरिद नियमावली, २०६४ को नियम १४७ बमोजिम कार्यालय प्रमुखले तोकेको अधिकृतस्तरको कर्मचारी (सम्भव भएसम्म प्राविधिक) को संयोजकत्वमा मूल्याङ्कन समिति गठन गरी बोलपत्रको मूल्याङ्कन गर्नुपर्नेमा बोलपत्रसाथ पेश नै नभएको कार्यअनुभव सम्बन्धी कागजात माग गरी सो कागजात समेतका आधारमा गाउँपालिका अध्यक्ष दयानन्द गोइतको संयोजकत्वमा मिति २०७८/१२/११ गते "*As the bidder Om Ganeshya Construction Pvt. Ltd. Only fulfills all the technical requirement, hence recommended Om Ganeshaya Construction Pvt. Ltd only to participate in financial opening*" भनी मूल्याङ्कन समितिको निर्णय भएको।

बोलपत्रदाता ओम गणेशाय कन्स्ट्रक्सन प्रा.लि.को प्राविधिक र आर्थिक दुबै प्रस्ताव स्वीकृत गर्ने गरी आसयको सूचना प्रकाशन

- मिति २०७८/१२/१५ मा ओम गणेशाय कन्स्ट्रक्सन प्रा.लि.को प्राविधिक प्रस्ताव स्वीकृत गरी मिति २०६८/१२/२२ गते आर्थकि प्रस्ताव खोल्ने आसयको सूचना प्रकाशन ।
- मिति २०७८/१२/२९ मा आर्थिक प्रस्ताव सहितको ओम गणेशाय कन्स्ट्रक्सन प्रा.लि.को बोलपत्र स्वीकृत गर्ने आसयको सूचना प्रकाशन।

**प्राविधिक मूल्याङ्कनमा नै असफल हुनुपर्ने ओमगणेशाय कन्स्ट्रक्सन प्रा.लि.सँग ठेक्का सम्झौता र कार्यदिश र भक्तानी**

रू. ९,०८,८४,५५७।४५ लागत अनुमान भएको ठेक्काको मिति २०७९/०१/०८ गते रू. ८,९८,२१,४९६।३३ (भ्याट सहित) मा Construction Work for Namuna School Building को लागि ओम गणेशाय कन्स्ट्रक्सनको तर्फबाट राजिब कुमार साह र बलान बिहुल गाउँपालिकाको तर्फबाट मो.नसिम राइनले हस्ताक्षर गरी सम्झौता र सोही मितिमा कार्यदिश जारी गरी हालसम्म रू. ३,९१,१७,४८२।- भुक्तानी लिए/दिएको ।